# माष्टर नानी र सामुदायिक वन

**विजयराज न्यौपाने**

गुजुमुजु परेका घरैघरको गाउँमाथि डाँडा चौतारीमा देखिए माष्टर नानी । आजभन्दा चालिस वर्ष पहिले भर्खरको लोर्के उमेरमा गाउँको प्राइमरी स्कुलमा माष्टर बनेपछि बुढापाकाले उनलाई भनेका थिए "माष्टर नानी" । आज उनी आफै बुढा भएका छन् तर पनि गाउँका केटाकेटी, युवा, वृद्ध सबै उनलाई माष्टर नानी भन्दछन् । हिजोआज विशेष गरेर यहाँ डाँडा चौतारीमा उनलाई भेटिन्छ । पेन्सनमा बसेपछि उनको दिन चर्या जस्तै भएको छ, घाम ढलेपछि यही चौतारीमा कोप्रे लठ्ठी टेक्दै आउनु र साँझ परेपछि घरतिर फर्कनु । सायद उनी स्कुले विद्यार्थी र माष्टरसँग कुराकानी गर्न गाउँमा बास बस्न आउने नवान्तुकसँग मुख मिसाउन र घाँस दाउरा गरेर फर्कनेसँग गाउँ जागरणको कुरा चलाउन नै यसरी आउने गर्छन् । अर्कोतिर साँझमा टहलिएर स्वास्थ्यको ख्याल पनि राखेका होलान् ।

आज म उनका अगाडि एक युवक र दुई युवती देख्दै छु । (युवक भर्खर वी.एस्सी. पास गरेर गाम फर्केका हुन् । उनी मोती बाबु भनेर चिनिन्छन् ।) माष्टर नानीले आँखी भौ उचालेर हेर्दै भनें, "बाबु मोती होइनौं र?" मोती बा गाम फर्कियौ, खुसी लाग्या छ ।" युवकले माष्टर नानी भन्न सकेनन् र भने "हो गुरु बा । हजुरले रोपेको विरुवा आज वृक्ष भएको छ । त्यसैको छहारीमा बसेर काम गर्न पाउदा खुसी लागेको छ । हाम्रा आँखा पनि हजुरले खोलि दिएको त हो ।" यसपछि माष्टर नानीका आँखा उनकै अगाडिका दुई नानीहरुमा परे । "नानी तिमी क्रान्ती होइनौं त ?" "हुँ गुरु बा" । एउटी युवतीको जवाफ पछि उनले दोश्रीलाई सोधे - "नानी नि ?" " म डाँडा घरेकी छोरी ।" " तिमीहरु हुँदै जनाले बी.ए. पास गर्‍यौ रे भन्ने सुनें । नानीहरुलाई बधाइ छ "। " धन्यवाद गुरु बा । यो बधाइको श्रेय पनि हजुरलाई नै छ । हाम्रा घरमा गएर अनपढ बाआमालाई हजुरले नसम्झाएको भए आज हामीले यतिसम्म पनि कहाँ पढ्न पाउने थियौं र" ! माष्टर नानी निकै हौसिए । उनको गोरो बाटुलो मुहार पूर्ण चन्द्रमा झै उज्यालो देखियो । केही भन्न खोजे जस्तो गरेर चौतारी पेटीमा झारेका गोडालाई उठाएर अलिकति माथि सरेर पलेटी कसे र गाँउको विगतको कथा हाल्न लागे ।

"हेर बाबु नानी हो ! हिजो यो गाउँ वरिपरिको उजाड पाखा बाक्लो वन पाखा थियो । पँधेरामा साँझ विहान जान एक्लै दुक्दै डरै हुन्थ्यो । कुवामा कञ्चन पानी टिल्विलाई रहन्थ्यो । आज कुवा त छ पानी छैन । पिपल भज्याङ अहिले पनि नाम छ तर आज पीपल ढलेर गयो, चौतारी उजाड छ । नानीहरु कै आमाहरु भने घाँस दाउरा गरेर वनबाट नाडी जस्ता डोला र सोझा दाउराको यामान-यामानका भारी यही चौतारीमा आएर बिसाउँथे । मौसम अनुसारको फलफूल वनबाट आउँथ्यो । दाउराका भारी माथि कहिले कटुसका पोका त कहिले तिंदु, काफल र अमलाको पोका । महिलाहरु चुल्ठामा गुराँसको फूल सजाउँथे त पोल्टामा यस्तै जंगली कन्दमूल । निहुराको त मुठाका मुठा आउथें । पाकेको दहिकम्लो, दमौरा पनि तिनैले ल्याउँथे । बाक्लो वन भित्र पस्दा एकातिर रमाइलो त अर्कोतिर कता-कता एक्लो जस्तो लागेर होला अथवा जङ्गलमा अरु कोही छन् छैनन् भनी बुझ्न गीत गुनगुनाउथे ।" " कस्ता गीत गुन्गुनाउथे गुरुबा ?" मोतीले मौका छोपी अनुरोध गरे । "ठीक छ ल म भन्छु बा नानीले रहर गरिहाल्यौ" भनी उनले गीतका दुई टुक्रा "यो वनमा रै न छ चरी, चरी भए कराउँथ्यो केही गरी ।" गायर फेरी भने "गीत यसरी भूईंमा खस्न नपाउदै सुरिलो स्वर प्रतिउत्तरमा कानसम्म आइपुग्थ्यो "छन त छ वनमा चरी, कराउदैन उसको मन नपरी ।" युवक र युवतीहरुले आँखा जुधाई मन्द मुस्कान छोडे । "अझै यस्ता तगडा छन् माष्टर नानी, जमानामा कस्ता (तेजिला) थिए होलान्" ?

भनी उनीहरुले प्रश्न वाचक चिन्ह आ-आफ्नै छातीमा सजाए । चाख मानी-मानी उनीहरु सुन्न लट्ठिएको देख्दा माष्टर नानीले अझ थपे । "यो उजाड पाखा कुनै दिन हराभरा थियो । त्यसमाथि त्यहाँ बाघको खोर पनि थियो भन्ने कुरा अहिले कसले पत्याउला ? बाघको खोरमा बाखाको प्या प्या सुनेर पसेको बाघ खोरको ढोका झरेपछि न त बाखोसम्म पुग्न सक्थ्यो न त  बाहिर निस्कन नै । बाघको लगातारको गर्जनले खोरमा बाघ परेको संकेत मिल्दथ्यो । विहानको खाना खाएर सारा मानिस जम्मा हुन्थे । बाघलाई लौरो कोची-कोची जिस्क्याउँथे । भर्खरको लाउरे जोसमा पीपलबोटे कान्छाले बाघको जुँगा तान्छु भन्दा आफ्नै हात बाघको नङ्ग्राले ताछिएर रगतका धारा चलायो । बन्दुकेले बन्दुक सोझ्याएर हान्दा त बाघको गर्जन र थर्कनले भूईंचालो नै गए जस्तो हुन्थ्यो" । "साच्चै बाघ मारेपछि के गर्थे गुरुबा"? भनी मोतीले जिज्ञासा राखे । "बाघलाई नोल लगाएर गाम गामै डुलाइन्थ्यो । पैसा चढाएर बाघको दर्शन सबै गाउँलेले गर्थे । बाघ मार्नेलाई नैनसुतको फेटा गुथाइ पैसा (फूल) लगाइ दिन्थे । "अनि त्यतिबेला कारवाही हुँदैनथ्यो त" ? मोतिले सोधे त्यतिबेला गामघरमा झोस पोल हुँदैनथ्यो । पाडा, बाच्छा, भेडा, बाखा खाएर बाघले सताउदा बाघसँग गाउँले सायद रिसाएका हुन्थे । अहिलेको जस्तो वन कानुन, पशुपंक्षीको हक अधिकार प्रति मानिस सचेत थिएनन् । खै हिजोका ती दिन कहाँ गए कहाँ ? आज त्यही हराभरा धर्ती विधुवा बूढी बाहुनी जस्ती भएकी छे । यो धर्तीको उद्दार गर्नु पर्‍यो अब बाबु नानीहरु जस्ता पढेका विद्वान विदुषीले" । मास्टरनानीको उस्तो कुरामा क्रान्तिले कुरा मिसाई "हजुर अगाडि बढ्नोस, हामी पछिबाट साथ दिन्छौं ।" "मैले त, नानीहरु पत्याउछौं कि पत्याउदैनौ, २० वर्ष अघि सामुदायिक वनको  कुरा उठ्दादेखि नै वन र वातावरण जोगाऔं भनेर नारा नै लगाएँ । कसैले बुझेनन्, कसैले बुझ पचाए । कुवापानीको चीसो पानी पिउदा देह नै शितल हुन्थ्यो भन्ने कुरा पनि अब त कथा भयो । सार्वजानिक वन पाखा, पतेनी, चउर र फराकिला बाटाघाटा, चौतारा मिचिएका छन्, अट्टिएका छन् । पहिले बनाइएका चौतारी मुडुलिएका छन्, कति ढलेका छन्, भत्केका छन् । चौतारी चिट्नु त कता हो कता बरु चौतारीका ढुङगा दिन प्रति दिन घट्दै जान्छन् । आजकल त गाउँघरको जनसङ्ख्या पनि घटेको छ । युवकहरु कति मुग्लान पसे, कोही-कोही जङ्गल र त कोही त दुला पनि पसे । बाबु नानीहरु गाम घर फर्क्यौ, धन्यवाद छ । आफू सच्चा काम गरिरहे डर मान्नु पर्दैन । कच्चा काम गरे त डर मान्नु पनि पर्‍यो, दुला पस्नु पनि पर्‍यो । गामघरमा त अहिले हामी जस्तै बुढयौली लागेका, आइमाई र केटाकेटी मात्र । धन्य दैलामा यो हाइस्कुल भएकाले बाबु नानीहरु जस्ता युवाको मुख देख्न पाइएको छ । बाबु नानीहरुले हामी साथ दिन्छौं भन्ने कुरा गरिहाल्यौ । त्यसो हो भने म पर्सि विहान 'वन बैठक' बोलाउन लगाउँछु । सामुदायिक वन बनाउनु पर्‍यो । गाउँमा एउटा नयाँ जागरण र परिवर्तन ल्याउनु पर्‍यो । नानीको त नामै क्रान्ति । क्रान्ति भनेको राम्रो परिवर्तन हो भन्ने बुझ्नु बा । "मास्टर नानीका कुरामा तीनै जना युवाले मुन्टो हल्लाएर सहमति जनाए ।"

माष्टर नानीको प्रस्ताव अनुसार वन बैठकको लागि पर्सिपल्टको दिन डाँडा चौतारीमा मान्छे जम्मा भएको देखियो । चौतारीको पेटीबाट तल चउरमा जम्मा भई बसेका गाउँलेलाई माष्टर नानीले सम्बोधन गरे । "हिजो यही गामघर हराभरा थियो आज उजाड । पँधेरो टाढा सर्‍यो, जङ्गल एक कोषै पर पुग्यो । हामी गाउँलेलाई घाँस, दाउरा, घोचो किलो, हलो, लौरो हरेकको खाँचो परिरहन्छ । जडीबुटी, औषधी त अझ कता-कता अब ढिलै भए पनि सामुदायिक वन उपभोक्ता समूह गठन गरौं । हाम्रो वन र वातावरण जोगाऔं ।" माष्टर नानीका कुरा भूईंमा खस्न नपाउदै पुछार घरे कान्छाले चट्ट कुरा खापेर व्यङ्ग्ग गरे । "कसरी बन्छ सामुदायिक वन ? कहाँ, कुन एरिया तोकेर बनाउने सामुदायिक वन । सिमलबोटे वन व्यक्तिगत नै भो, अलैंचे वन पनि व्यक्तिगतै भो, डाँडापाखा वन मिचेरै सकियो । त्यही बचेको पतेनीमा सामुदायिक वन भनेर बोर्ड ठड्याए मात्रै ।" यस्तैमा पछाडि तीखो तर मसिनो महिलाको आवाज आयो । "पुछार घरे कान्छा बाले जुन वनको नाम लिनु भयो ती

वनको नापी भएको छैन रे । कसरी व्यक्तिगत हुन्छन् ती वन ? सामुदायिक वन बनाउने हो भने ती वन र मिचिएका वनपाखा सबै सामुदायिक बनाउनु पर्छ ।" यो आवाज रहेछ क्रान्ति नानीको । महिलाको आवाज सुनिएको यो पहिलो चोटी नै भने हुन्छ । त्यसै भएर होला सबैले क्रान्तिलाई हेरे । हरियो कुर्ता सुरुवालमा चिटिक्क परेकी क्रान्ति लाई हेरेर बुढी आमाहरुले जिब्रो निकाले, कतिले मुख छोपे । यस्तै बेलामा धनी कान्छा अल्लि रिसाए भैं चर्को स्वरमा बोले "बाबु बाजेको पालादेखि चर्चिदै आएको वन चाहिँ कुनै हालतमा छोड्न सकिन्न । अन्यत्र वन मासेपछि सबको आँखा यही सिमलबोटे वनमा गिद्धको आँखा भैं गडेको छ गडेको छ । यसरी भनाभन, आरोप प्रत्यारोप बढ्दै गयो । परम्परागत ढङ्गले वन हड्पेर बस्नेको एक स्वर थियो भने वन विहीनहरुको एक स्वर । विवाद चर्किदै जाँदा हात हालाहालको स्थिति आउनै लागेको थियो, माष्टर नानी उठे र स्थितिलाईृ शान्त पार्दै बोले "युवाहरु हुनु हुन्छ आज यस सभामा धेरै जोस उठनु स्वाभाविक हो तर होस पनि राखेर बोल्नु हुने छ, आफूलाई सम्हाल्नु हुनेछ । चित्त नबुझेका कुरा भन्न पाइन्छ तर हात छोड्नु राम्रो मानिन्न । आफ्ना कुरा खोले पछि अरुका कुरा बुझ्न पाइन्छ । सर्वहितलाई छोडेर तुच्छ व्यक्तिगत हित मात्र नहेरौं । मेरो पनि सिमलबोटे वनमा परम्परादेखि चर्चितै आएको सबैको भन्दा निकै धेरै वन क्षेत्र छ तर आजैदेखि मैले सामुदायिक वनको लागि सुम्पे । अब त्यो मेरो होइन हाम्रो हो भनौं । नयाँ नापीमा नपरेको वन बुटालाई मेरो हो भनेर मुठ्याएर मात्र मुठ्ठिन्न, कानुनी आधार पुग्दैन । त्यसैले सिमल बोटे वन र अलैंचे वन भएका दाजुभाइ दिदीबहिनीले आफ्नो व्यक्तिगत हक छोडेर सामुहिक हक खोज्नु हुनेछ" । माष्टर नानीका कुरामा धेरैले ताली ठटाए । पछि-पछि एक दुई एक दुई गर्दै आजसम्म व्यक्तिगत रुपले प्रयोग गर्दै आएको वन सामुदायिक वनलाई हस्तान्तरण गऱ्यौ भन्ने कागजातमा सही हाल्दै गए । धनी कान्छा बीचैमा जुरुक्क उठेर हिँडे । तिनको पछि बाटाघरे मात्र लागे । जे होस् ढिलै भए पनि आज सामुदायिक वन बनाउन सफलता मिलेकोमा माष्टर नानीले सबैलाई धन्यबाद दिए । डाडा चौतारी सामुदायिक वन उपभोक्ता समूहको नाम दिइ माष्टर नानीकै अध्यक्षतामा तर्दथ समिति बन्यो । यही समितिका माध्यमबाट नियमावली बनाउने, दर्ता गर्ने र वन संरक्षण, संम्वर्धन तथा विकासको काम अगाडि बढाउने संकल्प प्रस्ताब पनि पारित भयो । अन्तमा सबैले शान्त, स्वच्छ र हराभरा गाउँको परिकल्पना छातीमा सजाएर आ-आफ्नो बाटो तताए ।

(न्यौपाने शिक्षण पेशामा आवद्ध हुनुहुन्छ ।)